# नेपाल सरकार
## वन तथा वातावरण
## आ. व. २०७७/०७८ को नीति तथा कार्यक्रम

१२१. यस सरकारले वनको सुरक्षा, व्यापक वृक्षारोपण र वन विविधिकरणको बाटोबाट वातावरणीय जोखिम न्यून गरी वनको बहुउपयोग गर्ने नीति लिएको छ । दुई वर्षको अवधिमा वनमा आधारित १ हजार ८ सय २९ साना तथा घरेलु उद्योगहरु स्थापना भएका छन् ।काठको आन्तरिक उत्पादमा वृद्धि भई काठको आयात २० प्रतिशतले घटेको छ । वन व्यवस्थापनमा समुदायको भूमिकामा वृद्धि भई ४० प्रतिशत राष्ट्रिय वन समुदायद्धारा व्यवस्थापन भइरहेको छ ।

१२२. वन र जैविक विविधता संरक्षण र विकासलाई सरकारले उच्च महत्व दिएको छ । दुई वर्षको अवधिमा करिब ४ करोड विरुवा उतपादन गरी कृषकलाई समेत वितरण गरिएको छ । सरकारीस्तरबाट करिब ७ हजार हेक्टर जमिनमा वृक्षारोपण गरिएको छ, ५० लाख फलफूलका विरुवा रोपिएको छ ।

१२३. आगामी वर्ष सरकारले भू-धरातल तथा जलवायु अनुकूल वृक्षारोपण, वन विकास र वनको बहुउपयोग गर्ने गरी वन क्षेत्रका कार्यक्रमहरु सञ्चालन गर्नेछ । जमिनको बहुउपयोग आय आर्जन तथा जिविकोपार्जन सुधार र वातावरण संरक्षणमा योगदान पुग्ने गरी कृषि वनको विस्तार गरिनेछ। सबै प्रदेशमा कम्तिमा एक नमुना कृषि वन विकास कार्यक्रम कार्यान्वयन गरिनेछ ।

१२४. वनलाई प्राकृतिक वन, आरक्षित वा संरक्षित वन, सामुदायिक वन, लगाइएका सार्वजनिक वन, निजी वन र कृषि वन लगायतका क्षेत्रहरुमा विभक्त गरी दिगो वैज्ञानिक वन व्यवस्थापन र वनजन्य उद्यम विकास गर्न **समृद्धिको लागि वन** कार्यक्रम कार्यान्वयन गरिनेछ । वनजन्य उद्योग विकास तथा प्रवद्धनका लागि आवश्यक पूर्वाधार निर्माण गरी निजी क्षेत्रको लगानी आकर्षित गरिनेछ ।

१२५. राष्ट्रिय प्राथमिकताप्राप्त आयोजनाहरुले प्रयोग गरेका वनक्षेत्रको क्षतिपूर्ति स्वरुप सार्वजनिक पर्ति जग्गा, झाडी बुट्यान क्षेत्र र वन नभएका स्थानीय तहमा जग्गाको उपलब्धता र उपयुक्तताअनुसार उपयोगी वृक्ष रोपिनेछ।

१२६. उच्च हिमाल, पहाड, खोंच, समथर भूभागलगायत देशमा विभिन्न भागमा सम्भाब्य जडीबुटीको व्यावसायिक खेती गर्न प्रोत्साहन गरिनेछ । सबै प्रदेशहरुमा जडीबुटी प्रशोधन उद्योगका पूर्वाधार विकास गरिनेछ । नेपाली जडीबुटीको विशिष्ट ब्राण्डिङ गरी निर्यातसमेत गरिनेछ ।

१२७. राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र, राराताल, फेवाताल लगायत रामसारमा सूचीकृत तालहरु एवं वनस्पति उद्यानको संरक्षण विकास र प्रवर्द्धन गरिनेछ ।

१२८. पर्या पर्यटन प्रवर्द्धन, संरक्षण शिक्षा, वैज्ञानिक अनुसन्धान र वनस्पतिको पर-स्थानीय संरक्षणका लागी बृहत् वनस्पति उद्यानको स्थापना र विकास गरिनेछ ।

१२९. सरकारले चुरे क्षेत्रको अनुचित दोहन पूर्ण रुपमा रोक्नेछ । संरक्षणमा संलग्न निकायहरुको अनुभवसमेत उपयोग गरी चुरे क्षेत्रको संरक्षण र सम्वर्द्धनका कार्यहरु समन्वयात्मक, प्रभावकारी र दिगो रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ । आगामी आर्थिक वर्ष राष्ट्रपति चुरे क्षेत्र संरक्षण कार्यक्रमको नीतिगत, कानुनी र संस्थागत सुधारसहित पुन:संरचना गरिनेछ ।

१३०. देशभर २९ स्थानमा वायु प्रदुषण मापन केन्द्र स्थापना गरिएको छ । आगामी वर्ष मुख्य सहरहरुमा वायु, ध्वनी, जल प्रदुषण नियन्त्रणको क्षेत्रगत कार्ययोजना तथा मापदण्ड कार्यान्वयन गरिनेछ । विपद् ब्यबस्थापन, जलवायु परिवर्तन अनुकुलन तथा उत्थानशील ब्यबस्थापनका कार्यक्रम सञ्चालन गरिनेछ । प्रदेश तथा स्थानीय तहमा नमुना जलवायु परिवर्तन अनुकुलन कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

१३१. पानीको मुख्य स्रोतको रुपमा रहेको हिमालय संरक्षणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ । हिमताल र हिमनदीको संरक्षण गरी जलउत्पन्न प्रकोप नियन्त्रण र नदी प्रणालीलगायत जलस्रोतको संरक्षण गरिनेछ। हिमालको सरसफाई कार्यलाई निरन्तरता दिईनेछ ।

१३२. जैविक विविधताको संरक्षण एवं प्रवर्द्धनको कार्यक्रम सञ्चालन गरिनेछ । वातावरण र विकासबीच सन्तुलन कायम हुने गरी विकास कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ ।

१३३. सरकारले **"स्वच्छ नेपाल"** अभियान सञ्चालन गर्नेछ । प्रदेश र स्थानीय तहको सहभागितामा काठमाण्डौ उपत्यका, महानगरहरु र प्रदेश राजधानीहरुलाई हरित सहरमा रुपान्तरण गर्न सहरी वृक्षारोपणलाई ब्यापक बनाईनेछ । फोहरमैला प्रशोधनमा आधुनिक प्रविधि प्रयोग गरिनेछ । राजमार्गको निश्चित दूरीमा खानेपानी शौचालय र अन्य सुविधासहितको सेवा केन्द्र सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

# आ.व.२०७७/०७८ को बजेट वक्तव्यमा वन तथा वातावरण

११६. नेपालीको जीवनपद्धति र समृद्धिको आधारको रूपमा रहेको वन क्षेत्रको सम्वर्द्धन मार्फत वातावरणीय सन्तुलन कायम गर्दै वन सम्पदाको बहुउपयोग गरी आय, रोजगारी एवम् व्यवसाय प्रवर्द्धन गरिनेछ। वैज्ञानिक वन व्यवस्थापनको माध्यमबाट वन पैदावारलाई आर्थिक क्रियाकलापसँग जोडिनेछ। समृद्धिको लागि वन कार्यक्रम सञ्चालन गरी वन पैदावारमा काष्ठ, गैरकाष्ठ र जडीबुटीमा आधारित उद्यमको विकास गरिनेछ।

११७.संघ, प्रदेश र स्थानीय तह एवम् वन उपभोक्ता समूहको सहकार्य र समन्वयमा वनको सुरक्षा, वृक्षारोपण र विविधीकरण गर्दै चरन क्षेत्र, सिमसार, ताल तलैया, जैविक विविधता र वातावरण संरक्षण गरिनेछ।

११८.नेपाल सरकारका आयोजनाले वनको क्षतिपूर्ति बापत रकम उपलब्ध गराउनु नपर्ने व्यवस्था मिलाइनेछ। विकास आयोजनाले प्रयोग गरेको वन क्षेत्रको क्षतिपूर्ति स्वरूप सार्वजनिक पर्ती जग्गा, झाडी बुटयान क्षेत्र र वन नभएका स्थानीय तहका उपलब्ध जमीनमा वक्षारोपण गर्नुपर्ने प्रावधान कार्यान्वयन गरिनेछ।

११९.जडीबटीको व्यावसायिक खेती विस्तार गर्दा प्रशोधन, बजारीकरण र विशिष्ट ब्राण्डिङ्ग गरी निर्यात प्रवर्द्धन गरिनेछ। कर्णाली लगायतका हिमाली क्षेत्र र सुदूरपश्चिम प्रदेशमा जडीबुटी विकास विशेष कार्यक्रम सञ्चालन गरिनेछ। जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडको क्षमता अभिवृद्धि गर्दै नवीन प्रविधिको प्रयोग गरी गुणस्तरीय उच्च मूल्यका जडीबुटीजन्य वस्तु उत्पादन गरिनेछ।

१२०.राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षित तथा मध्यवर्ती क्षेत्र, वनस्पति उद्यान र सम्भाव्य सामुदायिक वनलाई प्रकृतिमा आधारित पर्यटन गन्तव्यको रूपमा विकास गरिनेछ। बृहत् वनस्पति उद्यान स्थापना सम्बन्धी प्रारम्भिक कार्य शुरु गरिनेछ।

१२१.लोपोन्मुख तथा दुर्लभ वन्यजन्तुको प्रजाति संरक्षण गरिनेछ। मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्न वन्यजन्तुको वासस्थान व्यवस्थित गरिनेछ। मध्यवर्ती क्षेत्रका बासिन्दालाई वन्यजन्तुको आक्रमणबाट जोगाउन भरपर्दो सुरक्षा व्यवस्था मिलाउनुका साथै क्षतिपूर्ति व्यवस्था गरिनेछ।

१२२.कोशी, गण्डकी, कर्णाली र महाकाली जलाधार क्षेत्रमा एकीकृत रूपमा भू-संरक्षणका कार्यक्रम सञ्चालन गरिनेछ।

१२३.राष्ट्रपति चुरे संरक्षण कार्यक्रमको पुनर्सरचना गरी भू-क्षय नियन्त्रण, क्षतिग्रस्त भूमिको पुनर्स्थापना, कृषि वन, वायो-इञ्जिनियरिङ सहितको तटबन्ध निर्माण कार्यलाई तीव्रता दिइनेछ। चुरे क्षेत्रमा वषार्तको पानी उपयोग, जलपुनर्भरण सहित सिमसार व्यवस्थापन र अति जोखिमयुक्त वस्तीको पुनर्व्यबस्थापन लगायतका कार्यक्रम सञ्चालन गरिनेछ। चुरे संरक्षण सम्बन्धी कार्यक्रमको लागि रु. १ अर्ब ५५ करोड विनियोजन गरेको छु।

१२४.वातावरण संरक्षणसँग सम्बन्धी अन्तर्राष्ट्रिय तथा राष्ट्रिय प्रतिबद्धता र उत्तरदायित्व प्रति सरकार सजग छ। कार्बन उत्सर्जन न्यूनीकरण गरी मानव स्वास्थ्यको सुरक्षा गर्न देशका मुख्य शहरमा हुने वायु, ध्वनि,जल लगायतका प्रदूषण नियन्त्रणका मापदण्ड अद्यावधिक गरी लागू गरिनेछ। शहरी क्षेत्रमा वृक्षारोपणलाई प्रोत्साहन गरी हरित शहरको रूपमा विकास गर्दै लगिनेछ। प्रदेश तथा स्थानीय तहको सहकार्यमा जलवायुजन्य जोखिम न्यूनीकरण तथा अनुकूलन कार्यक्रम सञ्चालन गरिनेछ ।वन क्षेत्रबाट कार्बन व्यापारको लाभ लिन रेडप्लस कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१२५.विश्वविद्यालय तथा अनुसन्धान प्रतिष्ठानको समन्वय र साझेदारीमा वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, जलाधार, वातावरण र जलवायु परिवर्तन विषयमा अध्ययन अनुसन्धान गरिनेछ ।